# बन्दिपुर गाउँपालिका

बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित राजपत्र

**खण्डः ४ संख्याः १० मितिः २०७७/०८/२७**

**भाग २**

बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सुचना

# बन्दिपुर गाउँपालिकाको उपाध्यक्षसँग महिला कार्यक्रम सञ्चालन गर्न बनेको कार्यविधि, २०७७

**प्रस्तावना :**

बन्दीपुर गाउँपालिका भित्रका महिलाहरूमा उद्यमशिलता विकास गर्दै क्षमता अभिवृद्धि गरि महिलाहरूलाई आर्थिक रूपमा सवल र सक्षम बनाउने कार्यक्रमहरू सञ्चालन गर्नको लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, बन्दीपुर गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ: (१)** यस कार्यविधिको नाम "उपाध्यक्षसँग महिला कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ।

**(२)** यो कार्यविधि बन्दिपुर गाउँपालिकाको स्थानीय राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "कार्यक्रम" भन्नाले उपाध्यक्ष संग महिला कार्यक्रम सम्झनु पर्दछ।
ख) "कार्यपालिका" भन्नाले बन्दीपुर गाउँपालिकाको गाउँ कार्यपालिका लाई सम्झनु पर्दछ।
ग) "अध्यक्ष" भन्नाले बन्दीपुर गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्दछ।
घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बन्दीपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।
ङ) "कार्यबिधि" भन्नाले "उपाध्यक्षसँग महिला कार्यक्रम संचालन कार्यबिधि, २०७७" लाई सम्झनु पर्दछ।

## परिच्छेद -२
## कार्यक्रमको उद्देश्य

(१) बन्दीपुर गाउँपालिकालाई महिलामैत्री गाउँपालिका बनाउने।
(२) लैङ्गिक हिंसालाई न्युनीकरण गर्दै पीडित तथा प्रभावितहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने।
(३) महिलाहरुको क्षमता अभिबृद्धि गराउदै आर्थिक रुपमा सवल र सक्षम बनाउन उधमशीलताको विकास गराउने।
(४) महिलाहरुको समग्र विकाश मार्फत जीवनमा सकारात्मक परिर्वतन ल्याउने।

## परिच्छेद -३
## कार्यक्रमको क्षेत्र

(१) प्रस्तावनाको उद्देश्य पूरा गर्न निम्न बमोजिमका आधारभुत क्षेत्र तोकिएका छन्।

(क) चेलीबेटी तथा मानव बेचविखन विरुद्धको सचेतना अभियान सम्वन्धि कार्यक्रम

(ख) घरेलु हिंसाका विभिन्न स्वरुप विरुद्धको नियन्त्रणमुखी कार्यक्रम

(ग) दाईजो विरुद्धको सचेतना कार्यक्रम

(घ) स्वास्थ्य पारिवारीक शिक्षाका कार्यक्रम

(ङ) लागू औषध नियन्त्रण कार्यक्रम

(च) कानुनी सचेतना कार्यक्रम

(झ) वैवाहीक महिलाको नागरीकता, नाबालकको जन्म दर्ता सम्वन्धी अधिकारका कार्यक्रम

(ञ) महिलाको आर्थिक आयआर्जनसँग प्रत्यक्ष  सहयोग  पुर्याउने  र उद्यमशीलताको विकास गर्ने सीपमुलक कार्यक्रमहरु

**परिच्छेद -४**

**कार्यक्रमका रणनीति**

(क)  नियमित सुपरीवेक्षण

(ख) अनुगमन र मुल्यांकन

**परिच्छेद -५**

**संचालक समिति गठन र कार्यक्रम सञ्चालन सम्वन्धी ब्यवस्था**

**(१) सञ्चालक समितिः**- कार्यक्रम संचालनका लागि देहाय बमोजिम नौ सदस्यीय संचालक समिति रहनेछ।

संयोजकः उपाध्यक्ष

सदस्य: कार्यपालिकाको पाँच जना सदस्य

सदस्य : उद्यमशीलता र सिप विकासका क्षेत्रमा काम गरेका  एक– एक जना महिला

सदस्य सचिवः महिला तथा बालबालिका शाखा प्रमुख

आवश्यकता अनुसार बैठकमा अन्य कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**(२) संचालक समितिको कार्य जिम्मेवारी :-**

क) कार्यक्रम  संचालन  सम्वन्धमा  आवश्यक  कार्य  योजना  तयार  गरी कार्यान्वयन गर्ने।

ख) सिप विकास/महिला उद्यमसिलताका कार्यक्रमहरु संचालन नियमन तथा अनुगमन गर्ने।

ग) कार्यक्रमको उद्धेश्य अनुरुप काम गर्ने।

घ) वडास्तरबाट उद्यमसिलता रोजगारी तथा सशक्तीकरण अभिबृद्धि सम्वन्धी सिप तथा क्षमता अभिबृद्धि सम्वन्धी तालिमको लागत संकलन गर्ने।

**(३) सञ्चालन हुने कार्यक्रमहरू :-**

क) खेलकुद, निर्माण, कृषि, ब्यवसायीक र घरेलु कामहरुलाई लक्षित उद्यमसिलता, रोजगार मुलक, सिपविकास तथा क्षमता अभिबृद्धि तालिम।

ख) स्थानीय महिला समूहहरुको सक्रियतामा स्थानीय स्तरका कृषि जन्य उत्पादन , बजारीकरण र व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु।

ग) बन्दीपुर गाउँपालिका क्षेत्र  भित्रका  महिला  लक्षित कार्यक्रमहरु संचालन।

**परिच्छेद -६**

## कार्यक्रम छनोट तथा कार्यान्वयन

(१) महिला संग उपाध्यक्ष कार्यक्रम संचालन समितिले आफ्नै संलग्नतामा महिला लक्षित कार्यक्रम संचालन गर्न सक्ने छ।

(२) महिला सशक्तीकरण तथा सीप विकासको क्षेत्रमा कार्यरत संघ संस्थाहरु सँग समन्वय गरी कार्यक्रमहरु संचालन गर्नेछ।

(३) वडा स्तरबाट कार्यक्रम माग भई आएमा संचलक समितिले आवश्यकता र अैचित्यता हेरी कार्यक्रम अगाडी वढाउन स्वीकृति दिन सक्ने छ। कार्यक्रमको प्रभावकारीताको अनुगमन उपाध्यक्ष संग महिला कार्यक्रम संचालन समितिले गर्नेछ।

(४) संचालक समितिले आवश्यक ठानेमा कार्यपालिकाबाट स्वीकृति गराएर महिला उद्यमशिलताका लागि अनुदान तथा ऋण सहायता उपलब्ध गराउन सक्नेछ।

(५) विपन्न र अति विपन्नलाई विशेष प्रथामिकता दिइने (एकल, हिंसा पिडित, अपाङ्गता भएका, दलित, आदिवासी जनजाति र सिमान्तकृत महिला )।

**परिच्छेद- ७**

## वैठक सम्वन्धी ब्यवस्था

(१) समितिको वैठक कम्तिमा ३ महिनाको एक पटक वस्ने छ। तर आवश्यक परेमा अध्यक्षको निर्देशनमा जुनसुकै बेला वैठक आव्हान गर्न वाधा पर्ने छैन।

**परिच्छेद – ८**

## कोष सम्वन्धी ब्यवस्था

(१) कार्यक्रम संचालनको लागि आवश्यक वजेटको व्यवस्थापन गाउँ सभाले गर्नेछ।

**परिच्छेद -९**

## विविध

(१) कार्यक्रम संचालनको कार्यविधि संचालक समितिको निर्णय बमोजिम हुनेछ।

**(२)** कार्यविधिको कुनै संसोधन गर्नु परेमा गाउँ कार्यपालिकाले गर्नेछ।

(३) कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यक उपसमितिहरु गठन गरी कार्यान्वयनका लागि निर्देशन दिन सक्नेछ।

**आज्ञाले**
**महेश सुवेदी**
**प्रमुख प्रशासकिय अधिकृत**

✽ ✽ ✽